आज मिति २०८१ साल असार २५ गते यस नगरपालिकाका नगर प्रमुख तथा सभाध्यक्ष श्री दिनेश प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको एगाहौं नगर सभा बैठकमा देहाय बमोजिमको उपस्थिति भई विभिन्न प्रस्तावहरु माथि छलफल भई निर्णय गरियो ।

देहायः-

| सि.नं. | नाम | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री दिनेश प्रसाद यादव | श.न.पा. | सभाध्यक्ष | |
| २ | श्री सुनिता कुमारी सिंह | श.न.पा. | सभा सदस्य | |
| ३ | श्री तेजिलाल यादव | श.न.पा. वडा नं. १ | सभा सदस्य | |
| ४ | श्रीमती रुणु देवी सदा | श.न.पा. वडा नं. १ | सभा सदस्य | |
| ५ | श्रीमती इन्दिरा देवी साफी | श.न.पा. वडा नं. १ | सभा सदस्य | |
| ६ | श्री लपटेन यादव | श.न.पा. वडा नं. १ | सभा सदस्य | |
| ७ | श्री सत्यनारायण यादव | श.न.पा. वडा नं. १ | सभा सदस्य | |
| ८ | श्री सतेन्द्र कुमार चोरवार | श.न.पा. वडा नं. २ | सभा सदस्य | |
| ९ | श्रीमती गिता देवी यादव | श.न.पा. वडा नं. २ | सभा सदस्य | गिता |
| १० | श्रीमती फुल कुमारी देवी महरा | श.न.पा. वडा नं. २ | सभा सदस्य | |
| ११ | श्री राम अशिष मण्डल | श.न.पा. वडा नं. २ | सभा सदस्य | |
| १२ | श्री कृष्ण यादव | श.न.पा. वडा नं. २ | सभा सदस्य | |
| १३ | श्री मनोज कुमार दास | श.न.पा. वडा नं. ३ | सभा सदस्य | |
| १४ | श्रीमती सरिता कुमारी मण्डल | श.न.पा. वडा नं. ३ | सभा सदस्य | |
| १५ | श्रीमती सेहन्ती कुमारी राम | श.न.पा. वडा नं. ३ | सभा सदस्य | Sehanti |
| १६ | श्री कामेश्वर मंडल | श.न.पा. वडा नं. ३ | सभा सदस्य | |

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३७ | श्री रासेन्द्र प्रसाद यादव | श.न.पा. वडा नं. ७ | सभा सदस्य | |
| ३८ | श्री तनुकलाल कुसियत | श.न.पा. वडा नं. ८ | सभा सदस्य | |
| ३९ | श्रीमती परम देवी यादव | श.न.पा. वडा नं. ८ | सभा सदस्य | |
| ४० | श्रीमती कला देवी दास | श.न.पा. वडा नं. ८ | सभा सदस्य | कला |
| ४१ | श्री हेम बहादुर गुरमैता यादव | श.न.पा. वडा नं. ८ | सभा सदस्य | |
| ४२ | श्री राकेश यादव | श.न.पा. वडा नं. ८ | सभा सदस्य | |
| ४३ | श्री शिवकुमार खेडवार यादव | श.न.पा. वडा नं. ९ | सभा सदस्य | |
| ४४ | श्रीमती हसिना खातुने | श.न.पा. वडा नं. ९ | सभा सदस्य | |
| ४५ | श्रीमती पविता देवी सदा | श.न.पा. वडा नं. ९ | सभा सदस्य | पविता |
| ४६ | श्री जय प्रकाश रजक | श.न.पा. वडा नं. ९ | सभा सदस्य | |
| ४७ | श्री राम एकवाल यादव | श.न.पा. वडा नं. ९ | सभा सदस्य | |
| ४८ | श्री राम सेवक साह | श.न.पा. वडा नं. ७ | सभा सदस्य | |
| ४९ | श्री कन्हैया मुखिया | श.न.पा. वडा नं. ४ | सभा सदस्य | |
| ५० | श्री संगिता कुमारी दास | श.न.पा. वडा नं. ८ | सभा सदस्य | |
| ५१ | श्री उमेश महतो | श.न.पा. | सभा सचिव | |

## एगाहौं नगरसभाका निर्णयहरु

## २०८१/०३/२५

शहीदनगर नगरपालिका, यदुकुहा, धनुषाका नगरप्रमुख श्री दिनेश प्रसाद यादव ज्यु द्वारा यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को लागि सम्मानित र गरिमामय एगाहौं नगरसभामा प्रस्तुत गर्नको लागि वार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुतिकरणमा दफावर छलफल पश्चात तपशिल बमोजिम पारित भएका निर्णयहरु सर्वसम्मतिले पारित गरियो ।

निर्णयहरुः

<u>निर्णय नं. १</u>

लोकतान्त्रिक आन्दोलन तथा मधेश आन्दोलनमा सहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्ने प्रस्ताव पारित गरियो ।

<u>निर्णय नं. २</u>

यस नगरपालिका अन्तर्गत आर्थिक र सामाजिक रुपमा पछाडि परेका सामुदाय नगरपालिका भित्र संचालनमा हुने विभिन्न किसिमको धार्मिक साँस्कृतिक कार्यक्रम मेला र पर्व आदिमा नगरपालिकाबाटा आर्थिक सहयोग गर्नुपर्ने हुँदा त्यसलाई व्यवस्थित रुपमा आर्थिक सहयोग प्रदान गर्नको लागि आर्थिक सहयोग कार्यविधि २०८१ पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

यस शहीदनगर नगरपालिकाको एगाहौँ नगर सभामा पेश भएको आर्थिक ऐन २०८१।०८२ र अनुसूचीमा संलग्न कर दस्तुर तथा सेवा शूल्कका दररेटहरु पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

शहीदनगर नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को असार मसान्त सम्मको संशोधित बजेट रु.६२,७५,०२,७४६.४७ र असार मसान्तसम्मको संशोधित व्यय रु ४२,२३,५३,६०४.५० बराबरको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

शहीदनगर नगरपालिकाको विनियोजन ऐन, २०८२ पारित गरियो । जुन अनुसुची ८ मा उल्लेख गरिएको छ ।

<u>निर्णय नं. ६</u>

शहीदनगर नगरपालिकाको एगाहौँ नगरसभामा पेश भएका अनुसुची ९ बमोजिमका कार्यविधिहरु, निर्देशिका र ऐनहरु पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७</u>

महालेखा परिक्षकको कार्यालयबाट आ.व. २०७९/०८० को आय व्ययको अन्तिम लेखापरिक्षण भई प्राप्त लेखा परिक्षण प्रतिवेदन अनुमोदन गरियो । साथै उक्त प्रतिवेदनमा उल्लेखित बेरुजु तदारुकताका साथ फर्छयौट गर्न गराउन र अगामी दिनमा चुस्त, दुरुस्त, प्रभावकारी, कार्यदक्ष, मितव्ययी औचित्यपूर्ण तरिकाले कामकाज गर्न गराउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u>

आ.व. २०८०/०८१ मा हालसम्म भएका शहीदनगर नगरपालिकाको कार्यपालिका बैठकका सबै निर्णयहरु, नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा समिति तथा वडा प्रमुखबाट भए गरेका सम्पूर्ण निर्णयहरु नगरसभाबाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

<u>निर्णय नं. ९</u>

शहीदनगर नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुको आ.व. २०८१/०८२ को लागि पेश भएको बार्षिक तलबी प्रतिवेदनलाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

अगामी आ.व. २०८१/०८२ को अनुमानित बजेट रु. ७१,४४,८४,६४८.७४/- अक्षरेपी एकहत्तर करोड चौआलिस लाख चौरासी हजार छ सय अर्चालिस रुपैया र पैसा चौहत्तर मात्र बराबरको बार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो । जुन अनुसुची १ देखी अनुसुची ७ सम्मका उल्लेख गरिएको छ ।

**निर्णय नं. ११**

आर्थिक वर्ष २०८१/०८२ को बार्षिक बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिकाको नगरसभामा निर्धारण हुन छुट भएका तथा संशोधन गर्नुपर्ने अवस्था सृजना हुन गएका कर, दस्तुर, शूल्क, महशुल तथा अन्य ऐन, कानुन तथा नीतिगत विषयगत निर्णय गरि अगामी सभाबाट अनुमोदन गराउने गरि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

आ.व. २०८०/०८१ को जिन्सी निरिक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो । साथै नगर क्षेत्र भित्रका खेर जाने काठपात, जिन्सी सामाग्रीहरु आवश्यक प्रक्रिया पुर्याई लिलाम विक्री तथा मिन्हा गर्ने कार्यको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

समपुरकोषमा रकम विनियोजन गरि प्रदेश, केन्द्र सरकार तथा अन्य संघ संस्थाहरुसंगको साझेदारी एवम सहकार्यमा योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

नगरपालिकालाई आवश्यक पर्ने विभिन्न किसिमका विनियम, कार्यविधि एवम निर्देशिकाहरु तर्जुमा गरि नगरकार्यपालिकाबाट स्वीकृत गरि कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

आर्थिक बर्षको अन्त्यमा पेश्की दिने कामलाई निरुत्साहित गर्ने र विगतमा पेश्की लिई हालसम्म पनि पेश्की फर्छयौट नगर्ने व्यक्ति, कर्मचारी, संघ, संस्था एवम उपभोक्ता समितिलाई पत्राचार गरि पेश्की फर्छयौट गर्न लागउन नगरकार्यपालिका लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

आ.व. २०७९/०८० का लागि पारित पुँजीगत योजना तथा आयोजनाहरु कार्यान्वयन गर्दा बढीमा ३ प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गरि सो बाट प्राप्त रकम आयोजना व्यवस्थापन

सेवा(कन्टिन्जेन्सी) खर्च सम्बन्धी कार्यविधि, २०७९ बमोजिम आयोजना संचालन खर्च र कार्यालयको आवश्यकता अनुसारको अन्य कार्यक्रमहरु संचालन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम, खरिद योजना तथा सोको कार्य संचालन तालिका ,आवश्यकता र औचित्यताका आधारमा संशोधन गर्नुपरेमा सोको संशोधन गरि स्वीकृत गर्ने र कार्यान्वयन गर्ने अधिकार नगर कार्यापालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस नगरपालिकामा प्राप्त साधन र श्रोतबाट अनुसुचिमा संलग्न भए अनुसारका आयोजनाहरु संचालन गर्न निर्णय गरियो । साथै नगरपालिकाको बजेटबाट सम्बोधन हुन नसकेका अनुसुचीमा संलग्न आयोजनाहरु कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरिदिन संघ तथा प्रदेश सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस नगरपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक एवम पर्यटकीय श्रोत साधनको सम्भाव्यताको आधारमा नगरको फरक पहिचान कायम गर्नको लागि सुविधा सम्पन्न ऐतिहासिक शहर समृध्द शहीदनगर भन्ने नारालाई मूल नीतिको रुपमा अङ्गीकार गरि सो अनुसार नगरपालिकाको समग्र विकासको अवधारणा अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २१**

यस नगगरपालिका भित्र रहेका विभिन्न पोखरी तथा बजार केन्द्रहरुलाई व्यवस्थित गरि तरकारी तथा फलफुल बजार व्यवस्थापन गर्नको लागि सरोकारबाला निकायहरु सँग समन्वय गरि तिनिहरुलाई करको दायरामा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस नगरपालिका भित्र रहेका नगरस्तरिय सडक एवम बाटोहरुको लागत कट्टा गर्न मालपोत तथा नापी कार्यालयहरुसँग समन्वय गरि कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

नगरपालिकावाट संचालन गरिने सबै प्रकारका तालिम ,गोष्ठी ,सेमिनार कार्यशाला संचालन सम्बन्धि खर्चको मापदण्ड तथा भ्रमण खर्च नेपाल सरकार ,आर्थ मन्त्रालयको स्वीकृत निर्देशिका तथा प्रदेश सरकारको निर्णय तथा स्वीकृत मापदण्डलाई आधार लिई खर्च गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. २४**

यस नगर कार्यपालिकाबाट संचालन भएका आयोजनाहरु मध्ये उत्कृष्ट काम गर्ने उपभोक्ता समिति, सबै भन्दा बढी व्यवसाय कर तिर्ने व्यवसायी, सबै भन्दा बढी एकीकृत सम्पत्ती कर तिर्ने करदाता, उत्कृष्ट काम गर्ने कर्मचारी, स्वच्छ एवम नमुना टोल, उत्कृष्ट व्यवसायिक

कृषक, उत्कृष्ट पर्यटन व्यवसायी, नगरपालिकाले गरेका राम्रा कामहरुलाई संचार माध्यममा प्रभावकारी ढंगले प्रकाशन र प्रशारण गर्ने संस्था एवम पत्रकारहरुलाई प्रोत्साहन स्वरुप आगामी नगरसभाको अवसरमा बार्षिक मूल्याङ्कनको आधारमा पुरुस्कृत गरि सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

आ.व. २०८१/०८२ मा पनि फोहोरमैला व्यवस्थापनका लागि जनचेतना मूलक कार्यक्रम संचालन गरि नगरपालिकालाई स्वच्छ, सफा, हराभरा बनाउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २६**

यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइएको कार्य विवरणका आधारमा निम्नानुसार मूल्याङ्कनका सुचकहरु बनाई एक जना सर्वोकृष्ट कर्मचारीलाई निम्नानुसार पुरस्कृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | समय पालन | २० | |
| २. | इमान्दारिता | २० | |
| ३. | अनुशासन | २० | |
| ४. | कार्यदक्षता | २० | |
| ५. | लगनशिलता | २० | |

पुरस्कारः- नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु मध्येबाट सर्वोकृष्ट कर्मचारीलाई कपरपत्र सहित ५१,१५१/- र उत्कृष्ट ३/३ जना कर्मचारीहरुलाई कदरपत्र सहित रु. २१,१५१/- प्रदान गर्ने ।

**निर्णय नं. २७**

नगर कार्यापलिका कार्यालयमा नगर सभा सम्पन्न गर्ने सन्दर्भमा वा अन्य अत्ती महत्वपूर्ण कार्यहरु गर्नुपरेको अवस्थामा नगर सभाको काका लागि वा नगर कार्यपालिकाको कामको सन्दर्भमा कार्यालय समय भन्दा थप समय काम गर्नुपर्दा वा विदाको दिनमा काम गर्नुपर्दा नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च व्योर्ने गरि देहायबमोजिमका कर्मचारिहरुलाई खाना/खाजा खर्च वापतको रकम प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | पदको स्तर | रु. |
|---|---|---|
| १. | अधिकृतस्तर | ७००/- |
| २. | सहायकस्तर | ४००/- |
| ३. | सहयोगीस्तर | ३००/- |

यस अनुसारको खाना खाजा खर्च लिनका लागि सो दिन वा समयमा बैठक भत्ता वा दैनिक भ्रमण भत्ता जस्ता सुविधाहरु प्राप्त नगरेको हुनुपर्छ साथै छुट्टै हाजिरी कपीमा आएको र गएको समय जनाई हाजिरी गर्नुपर्नेछ । उक्त रकम प्राप्त गर्न विहान वेलुकी गरि कम्तिमा ३ घण्टा काम गरेको हुनुपर्दछ ।

**निर्णय नं. २८**

यस नगरपालिकाबाट करदाता वा निजको परिवारले जुनसुकै सेवा लिनका लागि करदाताले आफ्नो व्यवसाय दर्ता गरि बुझाउनु पर्ने कर, दस्तुर, शूल्क अन्य सबै प्रकारको महशूल पनि समियमै बुझाउनु पर्नेछ अन्यथा कर चुक्ता नभएसम्म नगरपालिकाले नगरपालिका र अन्तरगतका वडा वा अन्य कार्यालयहरुबाट प्रदान गर्ने सेवा सुविधा दिन बाध्य नहुने निर्णय गरियो ।

**निर्णय नं. २९**

नेपाल सरकारको निर्णयानुसार नगरपालिका अन्तर्गत रहने गरि आउने कतिपय सरकारी र कार्यालय साथ आउने बजेटबाट संचालन गर्नुपर्ने कार्यक्रमहरु आवश्यक परिमार्जन समन्वय गरि कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

चालु आ.व.को अन्त्य सम्म नगर स्तरीय कार्यक्रम कार्य सम्पन्न हुन बाकी रही भुक्तानी हुन बाकी रहेको अवस्था भएमा उक्त योजनाहरुलाई क्रमागत योजनाको रुपमा राखी आगामी आ.व.मा उक्त योजनाको भुक्तानी कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

नगरपालिकाले हाल सम्म लिदै आएको मालपोत तथा अन्य सेवा शुल्क कर दस्तुर आदि बापतको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

नगरकार्यपालिकाबाट वितरण गरिने समाजिक सुरक्षा भत्ता वितरण कार्यको अनुगमन वडा समिति मार्फत पनि गरि सामाजिक सुरक्षा भत्ता पाउनेको बुकलेट प्रकाशन गरि त्यसलाई वडा कार्यालय र वेव साइटमा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा आवश्यक कर्मचारीहरुको पदपूर्तिका लागि अर्को व्यवस्था नभएसम्मको लागि स्वीकृत दरबन्दिको अधिनमा रहि करारमा सेवा लिने निर्णय गरियो ।

**निर्णय नं. ३४**

आ.व. २०७७/०७८ वा सो भन्दा पहिले उद्योग वाणिज्य संघ वा आन्तरिक राजश्व कार्यालय वा घरेलु कार्यालयमा व्यवसाय दर्ता भएका तर नगरकार्यपालिकाको कार्यालयमा दर्ता नभएका व्यावसायिहरुलाई आ.व. २०७८/०७९ मै नगरपालिकामा दर्ता भए सरह मानि व्यवसाय कर दस्तुर अशुल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

नगरपालिकामा रहेको भारी सवारी साधन ब्याकहो/लोडर लगायतको नियमन, संचालन र व्यवस्थापन सम्बन्धमा ब्याकहो/लोडर संचालन कार्यविधि, २०७४ लागू गर्न रर सो कार्यविधिलाई समयानुकूल परिमार्जन गर्नु परेमा नगर कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

नगरकार्यपालिका तथा वडा कार्यालयहरुमा विभिन्न समयावधिमा करारमा कार्यरत कर्मचारीहरुलाई कार्यालयको आवश्यकतानुसार कार्य सम्पादन स्तर समेतको लेखाजोखा गरि २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्तसम्मको म्याद थप गर्ने निर्णय, साथै संगठनको आवश्यकता, कार्यबोझ अनुसार दरबन्दी भएका तर जनश्क्तिको पुर्ति नभएको अवस्थामा मात्र कार्यालयमा जनश्क्तिको अभाव भै संगठनको दैनिक कार्य संचालन गर्न बाधा पुग्ने देखिएमा प्राविधिक र कार्यालय सहयोगी पदमा करारमा नियुक्ति गर्ने तथा सो पदहरुमा स्थायी कर्मचारी आएमा करारका सो पदहरु स्वतः खारेज गर्ने शर्तमा नगरकाकर्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो । कार्यालय तथा कर्मचारिको आचरण विपरित कार्य गर्नेलाई सोहि अनुसार कारवाही गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

फोहोरमैला व्यवस्थापन तथा बातावरण संरक्षण सम्बन्धमा हाल भइरहेकको प्रयासलाई निरन्तरता दिँदै फोहरमैला व्यवस्थापन निजि क्षेत्रको सहभागिता बृद्धि गरि सफा, समृद्ध र हराभरा नगरपालिका तुल्याउन नगरक्षेत्रभित्र निष्कासित फोहोर मैलाको उचित प्रबन्ध मिलाउन आवश्यक पर्ने जनशक्ति र ओसार पसार साधनको व्यवस्थापन गर्ने कार्यमा निर्णय लिनुपर्दा नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै कुनै व्यक्ति, संस्था र नगरवासीसँग सेवा शूल्क उठाउँदा दर तोक्ने लगायत फोहोर मैला प्रबन्ध गर्ने कार्यको नियमन, संचालन र व्यवस्थापन गर्ने अधिकार पनि नगरकार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

यस नगरपालिकाको स्वीकृत दरबन्दी अनुरुप अत्यावश्क पदमा स्थायी पदपूर्तिको अर्कको व्यवस्था नभएसम्मको लागि करार सेवामा जनशक्ति छनौट गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक छनौट समिति रहेन र उक्त समितिको सिफारिसको आधारमा करारमा नियुक्ति गर्ने अधिकार नगरकार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**देहायः-**

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

अधिकृत वा सो सरह वा प्रशासन शाखा नगर कार्यपालिकाको कार्यालय - सदस्य

नगरपालिका वा अन्य निकाकयको सम्बन्धित क्षेत्रको विषय विशेषज्ञ - सदस्य

**निर्णय नं. ३९**

शहीदनगर नगरपालिकाको स्थानीय दररेटको हकमा जिल्ला दररेटलाई नै आधार मान्ने निर्णय गरियो ।

**निर्णय नं. ४०**

यस नगरपालिकामा कार्यचाप अत्याधिक भएको तर तालिम प्राप्त जनशक्तिको अभाव भएको कारण कार्यालय समय बाहेक विहान र बेलुका पनि कार्यालयको काम गर्नुपर्ने भएको र यस नगरपालिकाबाट अब्बल जनशक्ति काज र सरुवा भै अन्य कार्यालयमा जान

निरुत्साह्न गर्न र कर्मचारीलाई काममा दत्तचित्त नै उनीहरुको मनोवल र उत्प्रेरणा बढाउन उनीहरुलाई खाईपाई आएको तलबमा ३० प्रतिशतमा नबढ्ने गरि यस नगरपालिकाको कार्यालय तथा वडामा कार्यरत नगरकार्यपालिकाले तोकेबमोजिमको स्थायी कर्मचारीहरुलाई आ.व. २०८१/०८२ को श्रावण महिनादेखि लागू हुने गरि स्थानीय भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४१**

यस वर्ष वडा कार्यालयमा र नगरकार्यपालिकामा खरिद गरिने विभिन्न वस्तु र सेवाहरुको दरभाउपत्र, शिलवन्दी बोलपत्र र अन्य प्रस्तावहरुको परिक्षण र मूल्याङ्कन गरि प्रतिवेदन पेश गर्न सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२**

गैर सरकारी कार्यालय वा अन्य कुनै संस्थाबाट यस नगरपालिका क्षेत्रभित्र पूर्वाधार निर्माण, सरसफाई व्यवस्थापन, खानेपानी, वातावरण संरक्षण, भू तथा जलाधार संरक्षण लगायतका क्षेत्रमा साझेदारिमा कार्य गर्ने प्रस्ताव आएमा समपूरक कोषबाट श्रोतको सुनिश्चितता गरि कार्यक्रम संचालन गर्ने अधिकार नगरकार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो । उक्त साझेदारि प्रस्ताव गर्दा ६० प्रतिशत नगर कार्यपालिका र ४० प्रतिशत सम्बन्धित संघसंस्थाको लागत साझेदारि मोडालिटीमा घटाउन नपाइने निर्णय गरियो । साथै दाता संस्थाको विद्यानलाई समेत मध्यनजर गर्दै सोही अनुसार लागत साझेदारि गर्नुपर्ने भएमा सोही बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**

यस नगरपालिका भित्र रहेको महिला स्वास्थ्य स्वयम सेविकाहरुको कार्यको उच्च मूल्याङ्कन गर्दै अगामी आ.व. २०८१/०८२ मा महिला स्वयमसेविकाहरुलाई मासिक रु.१,०००/- का दरले प्रोत्साहन भत्ता दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ४४**

यस नगर क्षेत्रभित्र आकस्मिकक प्राककृतिकक एवम दैवी प्रकोप (बाढी, डुवान, अग्नीजन्य घटना, शीतलहरु, जंगली हात्ती) बाट धनजनको क्षति भएमा नगरस्तरिय दैवी प्रकोप उद्धार एवम राहत व्यवस्थापन समितिको समितिको सिफारिसमा राहत व्यवस्थापन गर्ने अधिकार नगरकार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५**

यस नगरपालिकामा कार्यपालिकाबाट हालसम्म भएका निर्णय, कार्यहरुको अनुमोदन गर्ने निर्णय गरियो । साथै नगरपालिका भवन निर्माण कार्यको लागि यस कार्यालय र श्री जय धनन्जय निर्माण सेवा प्रा.लि. बालाजु, काठमाण्डौं वीच आ.व. २०७७/०७८ मा ठेक्का सम्झौता भएको र हाल सम्म नगरपालिका भवनको निर्माण कार्य विभिन्न कारणबाट समयमा कार्यसम्पन्न हुन नसकेको र आ.व. २०८०/०८१ असार मसान्तसम्मा म्याद सकिसकेकोले कार्यसम्पादन सुनिश्चिता र कार्यप्रगतिको स्थलगत प्रतिवेदन अनुसार एकपटकको लागि म्यादथप गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४६**

यस नगरपालिका क्षेत्रभित्र अति विपन्न परिवारहरुको सघन उपस्थिति भएको हुँदा नगर सभाबाट पारित वार्षिक नगर विकास योजना कार्यान्वयन गर्न जनताको लागत सहभागिता जुट्न नसकी योजनानै कार्यान्वयन हुन नसक्ने विगत वर्षहरुको अनुभवलाई मध्यनजर राख्दै यस वर्ष उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुमा सम्झौता चरणमै १० प्रतिशत नगद सहभागिता जुटाउने निर्णय गरियो ।

**निर्णय नं. ४७**

अति विपन्न जातिलाई नगरपालिकाबाट दिइने सिफारिस र पञ्जीकरण सम्बन्धी कार्यमा तोकिएको दस्तुर वा सिफारिसको ५० प्रतिशत रकम छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८**

राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रप्रति सच्चा पहरेदार शहीदको योगदानलाई कदर गर्न यस नगरपालिकाबाट प्रदान गर्ने सेवा शूल्कमा शहीद वा निजका परिवारलाई शत प्रतिशत छुट गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४९**

महालेखा परिक्षकबाट स्वीकृत अर्थ मन्त्रालयबाट जारि गरि प्रयोगमा ल्याइएको प्रदेश तथा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(*SUTRA*)लाई गत आ.व. २०७८/०७९ झै आ.व. २०७९/०८० मा पनि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत चालू र पूँजीगत आम्दानी र खर्चको हिसाव राख्ने प्रतिवेदन गर्ने कामसँग *Tie up* गरि प्रयोगमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ५०**

शहीदनगर नगरपालिकाको बिनियोजन एन ,२०८०/८१ लाई कार्यान्वयन गर्ने सन्दर्भमा भएका गरेका सम्पूर्ण (शिर्षकान्तर भई रकमान्तर भएका समेतका)खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५१**

सार्वजनिक निर्माण कार्यमा योजनाको फरफारक गर्दा रु.१०,००,०००/- भन्दा बढीको पिसीसी तथा आरसिसी निर्माण कार्यको भुक्तानीमा प्रयोगशाला प्रतिबेदन अनिवार्य संलग्न गरि फरफारक कार्य गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ५२**

शहीदनगर नगरपालिकामा आ.व. २०८०/०८१ को असार मसान्तमा भुक्तानी दायित्व बाँकी रहेको योजनाहरुको हकमा भुक्तानी बाँकी कच्चावारी साविक म.ले.प. १८ मा उल्लेख भए बमोजिमको रकम भुक्तानी दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ५३**

आ.व. २०८१/०८२ मा शहीदनगर नगरपालिकाको कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरुको लागि आवश्यक वस्तु तथा सेवाहरु खरिद गर्दा खरिद इकाइको निर्णय बमोजिम खरिद गरि सम्बन्धित कार्यालयहरुलाई हस्तानांन्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

आ.व. २०८१/०८२ मा स्वीकृत योजता तथा कार्यक्रमहरु संचालन गर्दा नगर कार्यपालिकासँग सम्झौता गरि कार्यादेश लिइसके पश्चात मात्र गर्ने, कार्यादेश नलिई संचालन गरेको योजता तथा कार्यक्रमहरुको भुक्तानी नगरिने निर्णय पारित गरियो ।

**निर्णय नं. ५५**

आ.व. २०८१/०८२ मा उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजना(संघ तथा प्रदेश मार्फत प्राप्त हुने शशर्त, विशेष, समपुरक अनुदान मार्फत प्राप्त हुने योजना तथा विशेष परिस्थितिमा गर्नुपर्ने योजना बाहेक) को सम्झौताको अन्तिम म्याद जेष्ठ मसान्तसम्म तथा भुक्तानीको लागि फाईल लेखा शाखामा पेश गर्ने अन्तिम म्याद जेष्ठ मसान्तसम्म हुने निर्णय गरियो ।

**निर्णय नं. ५६**

सार्वजनिक खोला, पैनिको डिल नहर, सडक क्षेत्र वा यस्तै प्रकारका सार्वजनिक/विद्यालय/गुठि/मठ/मन्दिर लगायत सार्वजनिक संघ/संस्थाको जग्गा मिची बनाइएका संरचनाहरु प्रचलित कानुन बमोजिम भत्काउने/भत्काउन लगाउने तथा निर्माण रोक लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५७**

शहीदनगर नगरपालिकाको आ.व.२०७३/०७४, आ.व. २०७४/०७५, आ.व. २०७५/०७६, आ.व. २०७६/०७७, आ.व. २०७७/०७८, आ.व. २०७८/०७९, आ.व. २०७९/०८० मा भएको खर्चहरुको लेखा परिक्षण गर्ने क्रममा महालेखा परिक्षकको कार्यालय डोर मुकाम जनकपुरले औंल्याईएका सम्पूर्ण बेरुजुहरु माथि यस नगरसभाको ध्यानाकर्षण भएको छ । म.ले.प. प्रतिवेदनहरुमा औंल्याएका बेरुजु र सुझावहरुलाई अगामी दिनमा सच्याउँदै लानुका साथै नियमित गर्नु पर्ने बेरुजुहरु नियमित गर्ने तथा असूल गर्नु पर्ने बेरुजुहरु यस नगरपालिका नगरकार्यपालिकाको कार्यालय मार्फत असूल गराई बेरुजु फर्छयौट गरि समपरिक्षण गराउने निर्णय पारित गरियो ।

**निर्णय नं. ५८**

यस नगरपालिका नगरकार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई अनुसुची १५ तथा संघ/प्रदेशको प्रचलित कानुन बमोजिमको सेवा सुविधा उपलब्ध गराउने निर्णय पारित गरियो ।

**निर्णय नं. ५९**

सडक अतिक्रमणलाई अन्त्य गर्ने नीति कडाईका साथ कार्यान्वयन गरि नगर क्षेत्रका सडक पेटीमा निर्माण समाग्री राख्ने र छाडा चौपाया छाड्ने तथा बाँध्ने व्यक्तिहरुलाई कानुनि दायरामा ल्याउने निर्णय पारित गरियो ।

**निर्णय नं. ६०**

यस नगरपालिकाको एगाहौँ नगरसभा सम्पन्न गर्न सहयोग गर्नुपर्ने सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, योजना तर्जुमा समितिका पदाधिकारीहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, उद्यमी, व्यवसायी, नगरवासी, संचारकर्मी, सुरक्षाकर्मी, विषयगत कार्यालयका प्रमुखहरु र नगरसभाका लागि अहोरात्र खट्ने सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६१**

यस नगरपालिकाको पदाधिकारी तथा कर्मचारीहरुको अकाल मृत्यु भएमा रु. ५०,०००/- र आश्रित परिवार तथा पदाधिकारि/कर्मचारीको बुवा वा आमाको निधन भएमा क्रिया खर्च वापत रु.२५,०००/- एकमुष्ट दिने निर्णय गरियो।

**निर्णय नं. ६२**

बहुउदेशीय कृषि परियोजना(कृषि, पशु, मत्स्य पालन, सिँचाई, पर्यटन तथा सडक) को लागि प्रारम्भिक बजेट तथा बहु बर्षिय कार्यक्रमको लागि आवश्यक पर्ने बजेट संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट व्यवस्था गरि कार्य अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. ६३**

नगरपालिका भित्र रिँग रोड निर्माण, लगायत अन्य यस्तै प्रकृतिको कार्यको लागि आवश्यक पर्ने डि.पि.आर. अनुसारको रकम संघीय सरकार तथा अन्य सरोकारवाला निकाय समक्ष पहल गर्ने निर्णय गरियो।

**निर्णय नं. ६४**

यस नगरपालिका अन्तर्गत नगरपालिका स्थापना हुनु पुर्व निर्माण भएको पुराना घरहरुलाई नियमित गरि नगरपालिकाको अभिलेखमा ल्याउने सम्बनधमा सूचना प्रकासन गरि पुराना घरहरुलाई नियमित गरि अभिलेखिकरण गर्ने गराउने निर्णय अनुमोदन गरियो

**निर्णय नं. ६५**

नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक, ऐलानी, पर्ती जग्गा तथा चल अचल सम्पतिहरुलाई संरक्षण गर्ने उद्देश्यले अतिक्रमण भएका त्यस्ता सम्पतिहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याउन आवश्यक पहल कदमी गर्ने निर्णय गरियो साथै यस नगरपालिका भित्र रहेका सम्पूर्ण सरकारी सार्वजनिक र ऐलानी जग्गाहरुको तथ्यांक संकलन गरि सो जग्गाहरु नापजांच गरि छुट्याउने निर्णय समेत अनुमोदन गरियो।

**निर्णय नं. ६६**

यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको कार्यभार तथा कार्य सम्पादनलाई मध्यनजर गरि मासिक ३/३ हजारका दरले र नगर प्रवक्ता तथा सुचना अधिकारीको लागि रु.१००० का दरले संचार सुविधा उपलब्ध गराउने निर्णय अनुमोदन गरियो।

**निर्णय नं. ६७**

यस नगर सभाबाट कर ,दस्तुर र अन्य राजस्वको दर कायम गर्न छुट भएको बिषयको हकमा आगामी नगर सभाबाट अनुमोदन हुने गरि नगर कार्यपालिकाबाट दर तोकी लागु गर्न नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.६८**

नगरपालिका भित्र पक्कि सरचना निर्माण गर्नु पर्दा अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गराएर मात्र निर्माण गर्नु पर्ने निर्णय अनुमोदन गरियो।

**निर्णय नं.६९**

यस नगर कार्यपालिकाको कार्यालय,धनुषाको नाउमा दर्ता रही कार्यालयका पदाधिकारी /कर्मचारीहरुको प्रयोगमा रहेको सवारी साधनको इन्धन खर्चलाई मितव्य्यी बनाउन प्रदेश सरकार तथा अर्थ मन्त्रालयको नम्श बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.७०**

गत आर्थिक वर्षमा यस नगरपालिकाको स्वीकृत विकास कार्यहरु "नगर सडक यातायात गुरुयोजना "एमटिपी तयार भई यसले अगामी दिनमा यस नगरपालिका भित्र रहेको सम्पूर्ण सडकहरुको विस्तृत विवरण तयार भइसकेको हुँदा नगरक्षेत्र भित्र भएको सडकलाई प्राथमिकिकरण गर्दै अगामी दिनमा योजनाबद्ध ढङ्गले कार्यान्वियन गर्दै नगर विकास कार्यक्रममा समावेश गरिनेछ ।तसर्थ नगर सडक गुरुयोजनालाई पालिकाको स्थाई सम्पत्तीको रुपमा अपनत्व लिने निर्णय पारित गरियो ।

**निर्णय नं.७१**

गत आर्थिक वर्षमा यस नगरपालिकाको स्वीकृत विकास कार्यक्रम "आवधिक विकास योजना "पिडिपि तयार भई यसले अगामी दिनमा यस नगरपालिकाको सार्वाङ्गिण विकासको लागि सुक्ष्म ढङ्गले सम्पूर्ण योजनाहरु तयार गर्दा आवश्यकता र औचित्यको आधारमा यस गुरुयोजनालाई आधार मानेर योजना छनोट गर्न सकिने, लिस्सा अन्तर्गत ठूलो महत्व भएको र *LISA* को एवम *Component* को रुपमा समेत भएको तथा सार्वजनिक लेखापरिक्षणले समेत पटक पटक औल्याएको हुनाले यसको आवश्यकता पुष्टी समेत भइसकेको हुनाले अगामी दिनमा यसलाई कार्यान्वयनमा लैजाने प्रतिवद्धता गर्दै नगरपालिकाको सम्पत्तिको रुपमा लिने निर्णय पारित गरियो ।

**निर्णय नं.७३**

यस नगरपालिकाको नौ वटा वडाहरुमा *online* राजश्व काट्नु पर्ने तथा सम्पूर्ण कार्यसम्पादन कम्प्यूटर माध्यमबाट गर्नु पर्ने भएको र वडा कार्यालयमा कर्मचारी अभाव रहेकोले प्रत्येक वडामा एक।एक जना कम्प्यूटर अपरेटरको दरबन्दी थप गर्ने र पिएसीमा कामकाज गर्दै आइरहेको मेडिकल अधिकृत ५ महिनाको पारिश्रमिक प्रचलित कानून बमोजिम दैनिक ज्यालादारीमा दिने तथा यस नगरपालिकाको *O & MSurvey* गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.७४** यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्याको अनुपातमा दरबन्दी मिलान गर्ने तथा खालि दरबन्दिको पदपूर्ति करार सेवाबाट *गर्ने निर्णय पारित गरियो ।*

निर्णय नं.७५

नगर प्रमुखज्युको आदेशानुसार एगाह्रौं नगरसभाको वैठक आज मिति २०८१ असार २५ गते मंगलवार सु-सम्पन्न गरियो ।

धन्यवाद